नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/०६/०७३/७४

मिति: २०७३/१२/०३

**"क", "ख" र "ग" वर्गका सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु**

# सूचना

यस बैंकबाट इजाजतपत्र "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले निर्धारण गर्ने ब्याजदर सम्बन्धमा यसै साथ संलग्न ***"ब्याजदर निर्धारण तथा पुनरावलोकन सम्बन्धी प्रावधान, परामर्श पत्र"*** उपर कुनै राय सुझाव प्रतिक्रिया भए यो सूचना जारी भएको मितिले ७ दिनभित्र यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागमा वा इमेल ठेगानामा (bfird@nrb.org.np) पठाउनु हुन सम्बन्धित सबैको जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ ।

भवदीय,

(नारायणप्रसाद पौडेल)
कार्यकारी निर्देशक

नेपाल राष्ट्र बैंक

# ब्याजदर निर्धारण तथा पुनराबलोकन सम्बन्धी प्राबधान

## (परामर्श पत्र)

यस परामर्श पत्र जारी भएको मितिले ७ दिन सम्म परामर्श प्रदान गर्न सकिनेछ ।

परामर्श प्रदान गर्ने ठेगानाः bfird@nrb.org.np

प्राप्त हुन आएका परामर्श ग्राह्य भएमा मात्र निति तर्जुमा गर्दा संलग्न गरिनेछ । यस बैंकको उद्देश्य तथा यस नीतिको उद्देश्य विपरितका परामर्श ग्राह्य हुने छैनन् ।

बैंक तथा वित्तीय संस्थाहरुले आफ्ना वित्तीय ग्राहकहरुलाई निश्पक्ष व्यवहार गर्नुपर्दछ तथा ग्राहकहरु प्रति कुनै किसिमको भेदभाव, पक्षपात, अनुचित तथा अनैतिक व्यवहार गर्नु हुदैन भने कारोबार सम्बन्धी सम्पूर्ण जानकारी प्रदान नगरी कुनैपनि वैंकिंग कारोवार गर्नु हुदैन भन्ने अन्तर्राष्ट्रिय प्रचलन तथा मान्यतालाई आत्मसात गर्दै वित्तीय ग्राहक संरक्षणको लागि, ऋणको व्याजदर निर्धारण सम्वन्धमा देहाय बमोजिमको प्रावधनहरु लागू गरिएको छ :

१. इजाजत पत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले आफ्ना ऋणीहरुलाई ऋण सम्बन्धी सम्पुर्ण जानकारी प्रष्टसंग सरल भाषामा उपलब्ध गराउनुपर्नेछ। मुख्यगरी कर्जाको व्याजदर भुक्तानी गर्ने समय, ब्याजदरको किसिम, ब्याजदरमा पुनराबलोकन गर्ने समय, तथा ब्याज दर पुनराबलोकन गर्ने आधारहरुको सम्बन्धमा स्पष्ट जानकारी प्रदान गर्नुपर्नेछ ।

२. ऋणीले उपभोग गर्न खोजको वा गरिरहेको कर्जाको देहाय बमोजिमको जानकारी अनिवार्य रुपमा सरल भाषामा ऋणीलाई लिखित रुपमा उपलब्ध गराउनुपर्ने छ :

(क) वार्षिक वा आबधिक व्याजदर तथा अन्य सबै किसिमका शूल्कहरुको बारेमा ।

(ख) कर्जाको व्याजदर समायोजन गर्न सकिने (Adjustable), अपरिवर्त्य (Fixed), परिवर्तनशिल (Floating) वा मिश्रित (Hybrid) के हो सो सम्बन्धमा ।

(ग) व्याजदर गणना विधि, यसका लागि समाबेश गरिने आधारहरु तथा सो सम्बन्धमा सरल उदाहरण ।

(घ) व्याजदर कुन मितिमा समायोजन वा परिवर्तन गरिन्छ भन्ने बारेमा ।

(ङ) ऋणीका कस्ता काम करबाहीले व्याजदर वा अन्य शूल्क प्राभावित हुन्छन् भन्ने बारेमा ।

३. इजाजत पत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले कर्जा प्रवाह गर्दा तोकेको मितिमा मात्र व्याजदर समायोजन गर्न सक्नेछन् यस्तो समायोजन एक बर्षमा बढिमा दुईपटक मात्र गर्न सक्नेछन् ।

यसरी समायोजन गर्दा, कर्जाको Product Paper मा निर्धारण गरिएको बिधि तथा आधार अनुसार गणना गरि समायोजन गर्नु पर्ने भएमा समायोजन गर्नसक्नेछ । तर, ऋण प्रवाह गर्दा निर्धारण गरिएको व्याजदर कर्जा प्रबाह भएको मितिले कम्तीमा छ महिना अघि परिवर्तन गर्न पाइनेछैन ।

यस प्रयोजनको लागि, निक्षेप वा सापटीको लागतमा वा कर्मचारी/सञ्चालन खर्चमा भएको समग्र बृद्धि बाहेकको आधारमा व्याजदर बृद्धि गर्न भने पाइनेछैन ।

परिवर्तनशिल (floating) व्याजदरमा भने कर्जा प्रवाह गर्दा निर्धारण गरे बमोजिमनै व्याजदर परिवर्तन हुनेछ भने छोटो अवधिको कर्जाको हकमा नयाँ कर्जा प्रबाह गर्दा पहिले निर्धारण गरिएको विधिअनुसार व्याजदर समायोजन गर्न बाधा पुग्ने छैन ।

४. माथि उल्लेख गरिएको मितिमा व्याजदर समायोजन गर्नु पर्ने भएमा, एक बर्ष भन्दा लामो अवधिको कर्जालाई ४५ दिनको सूचना दिई नया ब्याजदर लागू गर्नुपर्नेछ भने नबिकरणीय कर्जा वा अन्य छोटो अवधिको कर्जालाई ३० दिनको सूचना दिनूपर्नेछ ।

तर, ब्याजदर वा शूल्क घटाउंदा, अदालतको आदेश लागू गर्दा, अग्रीम जानकारी अनिवार्य हुनेछैन ।

५. इजाजत पत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुको ग्राहक प्रति उचित तथा नैतिक व्यवहार गर्नुपर्नेछ । बैंक तथा वित्तीय संस्थाहरुले वित्तीय ग्राहक संरक्षणका लागी ग्राहक प्रति गरिने निश्पक्ष व्यवहार सम्बन्धी नीति (Policy on Fair Treatment to Consumers) तर्जुमा गरी सबै ग्राहकको जानकारीका लागि Website मा राख्नुपर्नेछ । साथै, सेवा उपभोग गरिरहेका ग्राहकले मागेको बखत सो नीतिको प्रति उपलब्ध गराउनु पर्नेछ ।

६. इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले ब्याजदर गणना बिधि तथा यसका उदाहरण, ब्याजदर गणनाका लागि लिइने आधारहरु सम्बन्धमा स्पष्ट नीति तर्जुमा गर्नु पर्नेछ ।